नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
सिन्धुली

फोन नं.-०४७-५९०४८७
इमेलः pmamp.piu.sindhuli1@gmail.com
वेभसाइटः piusindhuli.pmamp.gov.np

प. सं. २०७९/८०
च. नं.:

मितिः २०७९/०४/०९

## कृषि सहकारी/कृषक समूह/कृषि उद्यमी/कृषि फर्महरुलाई सूचीकृत हुने बारेको सूचना।

यस परियोजना कार्यान्वयन एकाई सिन्धुलीको आ.व. २०७८/०७९ सम्ममा जुनार सुपरजोन अन्तर्गत कृषक समूह/कृषि उद्यमी/कृषि फर्म, सहकारी संस्था गरि जम्मा २५८ वटा र अदुवा वेसार जोनमा ९ वटा संस्था सूचिकृत भएका छन। यस कार्यक्रममा सहभागी हुन ईच्छुक तर हालसम्म सूचिकृत नभएका सम्बन्धित कार्यक्षेत्र भित्र पर्ने कृषि सहकारी/कृषक समूह/कृषि उद्यमी/कृषि फर्महरुलाई यही मिति २०७९/५/१४ गते कार्यालय समयभित्र आवश्यक कागजातहरु सहित यस परियोजना कार्यान्वयन एकाइको कार्यालय सिन्धुली वा जुनार सुपरजोनको बाली संरक्षण प्रयोगशाला, खनियाखर्क आइपुग्ने गरी निवेदन पेश गरी सूचिकृत हुनका लागि सूचित गरिन्छ।

**नोटः** अघिल्ला आ.व. हरुमा सूचिकृत भएका लाभग्राहीहरुले पुनः सूचिकृत गरि रहनु नपर्ने व्यहोरा अनुरोध छ।

आवश्यक कागजातहरु

१. सूचिकृत गरि पाउँ भनि निवेदन (रु १० को हुलाक टिकट टाँस गरि)
२. संघिय/प्रादेशिक/स्थानीय सरकार अन्तर्गतका सम्बन्धित निकायमा दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नं. (PAN)/मुल्य अभिवृद्धि कर प्रमाण-पत्रको प्रतिलिपि
४. सहकारी संस्था/फर्महरुको अघिल्लो आ.व. सम्मको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
५. कर तिर्नु पर्ने निकायहरुले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
६. संस्थागत हकमा जुनार सुपरजोनमा दर्ता गर्ने भनि गरिएको संस्थागत निर्णयको प्रतिलिपि
७. सम्बन्धित वडा कार्यालयको सिफारिस

**जुनार सुपरजोनको कार्यक्षेत्रहरुः**
-गोलन्जोर गा.पा. १ देखि ६ सम्मका वडाहरु
-कमलामाई न.पा ३ नं. वडा (जलकन्या)
-तिनपाटन गा.पा ७ नं. वडा (तोश्रामखोला)
-सुनकोशी गा.पा ७ नं. वडा (मझुवा)

**अदुवा वेसार जोन कार्यक्षेत्रहरुः**
-कमलामाई न.पा. १ र२ सम्मका वडा
-मरिण गा.पा. २, ६ र ७
-हरिहरपुरगढी गा.पा.२, ३, ४, ५, ६ र ७